# नदी तथा खानीजन्य पदार्थ उत्खनन, बिक्री वितरण एवं निकासी र क्रसर सञ्चालनको नियमन सम्बन्धी कार्यविधी, २०७९

## जिल्ला समन्वय समिति
## कास्की

नवराज बराल
जिल्ला समन्वय अधिकारी

## नदी तथा खानीजन्य पदार्थ उत्खनन, बिक्री वितरण एवं निकासी र क्रसर सञ्चालनको नियमन सम्बन्धी कार्यविधी, २०७९

जिल्ला सभाबाट स्वीकृत मिति

**प्रस्तावना**

कास्की जिल्ला भित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्य समन्वयात्मक, सन्तुलित, दिगो र प्रभावकारी बनाउन विकास निर्माणमा देखिएका विवाद तथा समस्यालाई समयमै समाधान गर्न साथै विकास निर्माण लगायतमा प्रयोग हुने नदीजन्य पदार्थको बिक्री वितरण निकासी र क्रसर सन्चालनलाई व्यवस्थित गरी वातावरणीय असरलाई न्युनिकरण गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२, को धारा २२०, को उपधारा ७, स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ९२, को उपदफा ४ ले दिएको अधिकार प्रयोग गरी जिल्ला सभाको मिति २०७९/१२ /१३ को बैठकले यो नदीजन्य  पदार्थ बिक्री वितरण र क्रसर संचालन नियमन सम्बन्धी कार्यविधी २०७९, स्वीकृत गरी जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधीको नाम ढुंगा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता प्राकृतिक स्रोतको उत्खनन, संकलन, प्रशोधन, विक्रि वितरण तथा क्रसर उद्योग व्यवस्थापन कार्यविधी २०७९ रहेको छ ।

२. यो कार्यविधी कास्की जिल्लाभर लागु हुनेछ ।

३. यो कार्यविधी जिल्ला सभाले स्वीकृत गरेको मितिदेखी लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क. कार्यालय भन्नाले जिल्ला समन्वय समितिको कार्यालय सम्झनु पर्छ ।

ख. ढुंगा, गिट्टी वालुवा माटो चट्टान दहत्तर वहत्तर भन्नाले नदी खोला खोल्सा खोल्सी सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा संकलन गरिने वहुमुल्य पत्थर ऐतिहासिक महत्वका शालीग्राम शीला र अति मुल्यावान बस्तु बाहेकका ढुंगा गिट्टी वालुवा चट्टान माटो चुनढुंगा स्लेट ढुंगा जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्छ ।

ग. नदीजन्य पदार्थ भन्नाले वातावरण संरक्षण ऐन,२०७६ को दफा २ (ड) बमोजिमको अध्ययन तथा मुल्याङ्कन सम्झनु पर्छ ।

घ. मापदण्ड भन्नाले दफा ७

बमोजिमको मापदण्ड सम्झनु पर्छ ।

ङ. अनुगमन समिति भन्नाले दफा ५ बमोजिम जिल्ला अनुगमन समिति सम्झनु पर्छ ।

च. प्रारम्भिक वातावरणीय परिक्षण भन्नाले वातावरण संरक्षण ऐन, २०५६ बमोजिमको वातावरणीय परिक्षण भन्ने सम्झनु पर्छ ।

नविराज बराल
जिल्ला समन्वय अधिकारी

छ. संयोजक भन्नाले जिल्ला अनुगमन समितिको संयोजक सम्झनु पर्दछ ।

ज. प्रमुख भन्नाले जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्दछ ।

झ. समन्वय अधिकारी भन्नाले जिल्ला समन्वय समितिको कार्यालयका समन्वय अधिकारी सम्झनु पर्दछ ।

ञ. वातावरणीय प्रभाव मुल्याङ्कन भन्नाले वातावरण संरक्षण ऐन, २०५३ को दफा [illegible] बमोजिमको अध्ययन तथा मुल्याङ्कन भन्ने सम्झनु पर्छ ।

ट. घाटगद्दी भन्नाले ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, ढहत्तर बहत्तर संकलन वा उत्खनन गरी नाप नक्साङ्कन गर्ने वा अस्थाई भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्छ ।

ठ. राजश्व भन्नाले ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, ढहत्तर, बहत्तर आदि संकलन गरी सरकारलाई बुझाउनु पर्ने सरकारी राजश्व सम्झनु पर्छ ।

ड. स्थानीय तह भन्नाले संविधानको धारा ३०६ बमोजिमको स्थानीय तह सम्झनु पर्छ ।

३. नदीजन्य पदार्थको संकलन, उत्खनन र बिक्रि वितरण: (१). गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको संकलन, उत्खनन र बिक्री प्रचलित कानुन बमोजिम तथा देहाय बमोजिम गर्नुपर्नेछ।

क. उत्खनन र संकलन सम्बन्धी कार्ययोजना माग गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने,

ख. प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) स्वीकृत गर्ने ।

ग. प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने,

घ. गाउँसभा वा नगरसभाद्धारा स्वीकृत दरमा उत्खनन, संकलनको अनुमती र बिक्रिको लागि ठेक्का व्यवस्था मिलाउने ।

(२) नदीजन्य पदार्थको संकलन र उत्खनन गरिने क्षेत्र दुई वा दुईभन्दा बढी गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र पर्ने अवस्थामा संयुक्त समिति बनाई संकलन उत्खनन र बिक्रीको व्यवस्था मिलाउन सकिनेछ ।

(३) नदीजन्य पदार्थको संकलन, उत्खनन र बिक्री कार्यको ठेक्का व्यवस्था गर्नु पुर्व गर्नु प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्नेछ ।

(४) नदीजन्य पदार्थ उत्खनन गर्दा सामान्यतया श्रममुलक प्रविधिको प्रयोग गर्नुपर्नेछ ।
तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सीमाभित्र रही गर्नुपर्नेछ साथै विपद जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद व्यवस्थापन समितिको अनुमती लिनुपर्नेछ ।

(५) उत्खनन तथा संकलन स्थलसम्म जाने र फर्कने मार्ग गाउँपालिका वा नगरपालिकाले तोक्नु पर्नेछ ।

नवराज घिराल
जिल्ला समन्वय अधिकारी

(६) उत्खनन र संकलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्का शर्त, अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना गर्नुपर्नेछ ।

(७) घना वस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दुरी भित्रको नदी, सड्क पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन र संकलन गर्न पाईने छैन ।

तर, दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम गर्न यस उपदफाले वाधा पुर्‍याएको मानिने छैन ।

(८) उत्खनन, संकलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ र दुर्घटना बीमा आदीको प्रबन्ध सम्वन्धित उत्खनन, संकलन र ढुवानीकर्ताले मिलाउने गरी ठेक्का बन्दोवस्त गर्नु पर्नेछ ।

(९) नदीजन्य पदार्थको उत्खनन, संकलन, विक्री तथा ढुवानी ठेक्का बन्दोवस्त गर्दा परिमाणको आधारमा वार्षिक रुपमा गर्नु पर्नेछ ।

(१०) यस मापदण्ड बमोजिम ढुंगा, गिट्टी, वालुवा उत्खनन र संकलन गर्ने क्रममा विपद्का दृष्टीले थव जोखिम निम्तिन सक्ने अवस्था सिर्जना भएमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिशको आधारमा जिल्ला अनुगमन समितिले उत्खनन र संकलन कार्यमा निश्चित समय तोकी रोक लगाउन सक्नेछ ।

(११) यस दफा बमोजिम संकलन र उत्खनन कार्य गर्दा नदीको वहाव परिवर्तन नहुने साथै सिँचाई प्रणाली पुल सडक लगायतका संरचनालाई समेत असर नपर्ने गरी गर्नु पर्नेछ ।

४. <u>खानीजन्य पदार्थ उत्खनन सम्वन्धी व्यवस्था:</u> (१) खानीबाट ढुंगा, गिट्टी, वालुवा ढुंगा, कट्पीस जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन तथा संकलन गर्ने कार्य प्रचलित कानुन बमोजिम तोकिएको निकायबाट अनुमती लिई गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतीको लागि पेश गर्दा स्थानीय तहमा गठित प्राविधिक समितिको सिफारिस बमोजिम स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी पेश गर्नु पर्नेछ ।

(३) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन तथा उपदफा (१) बमोजिम खानी संचालनको अनुमती प्राप्त भएपछि सम्वन्धीत गाउँपालिका वा नगरपालिकाले खानी उद्योगको दर्ता गर्नेछ ।

(४) यस दफा बमोजिम खानी उद्योग दर्ता गरी संचालन गर्ने ठाँउमा कम्तीमा बीस रोपनी वा सो बराबरको क्षेत्रफल भएको निजी वा लिजमा लिएको जग्गा आवश्यक पर्नेछ ।

(५) यस दफा बमोजिम दर्ता भै संचालन भएका उद्योगहरुबाट उत्पादन हुने ढुंगा, गिट्टी, वालुवाको परिमाणको आधारमा सम्वन्धीत गाउँपालिका वा नगरपालिका दर्ता तथा वार्षिक नवीकरण शुल्क लगाउन सक्नेछ ।

नवराज बराल
जिल्ला समन्वय अधिकारी

(६) यस दफा बमोजिम संचालित खानी उद्योगको स्वीकृत परिमाण र तोकिएका शर्त बमोजिम खानी संचालन गरे नगरेको विषयमा नियमित रुपमा अनुगमन तथा नियमन गर्न सम्बन्धीत गाउँपालिका वा नगरपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(७) खानीबाट उत्पादित ढुंगा, वालुवा, स्लेट र गिट्टी जस्ता साधारण निर्माणमुखी पदार्थको उत्पादनमा प्रचलित कानुन बमोजिम रोयल्टी लाग्ने भएमा सो उठाउने व्यवस्था सोही कानुनमा तोकिए बमोजिम हुनेछ ।

<u>५. अनुगमन सम्बन्धी व्यवस्था:</u> १) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन र विक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न देहाय बमोजिमको नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति रहनेछः-

| | |
|---|---|
| क. जिल्ला समन्वय समितिको प्रमुख | संयोजक |
| ख. सम्बन्धीत स्थानीय तहको प्रमुख/अध्यक्ष | सदस्य |
| ग. प्रमुख जिल्ला अधिकारी | सदस्य |
| घ. जिल्ला प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| ङ. जिल्ला स्थित सशस्त्र प्रहरी वल प्रमुख | सदस्य |
| च. डिभिजन वन कार्यालयको प्रमुख | सदस्य |
| छ. नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इन्जिनियर | सदस्य |
| ज. आन्तरिक राजश्व कार्यालय र करदाता सेवा कार्यालय कार्यालयको प्रमुख | सदस्य |
| झ. जिल्ला समन्वय अधिकारी | सदस्य-सचिव |

२. जिल्ला अनुगमन समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित क्षेत्रका विज्ञ वा पदाधिकारीलाई वैठकमा आमन्त्रण गर्ने सक्नेछ जिल्ला अनुगमन समितिको वैठक ३ महिनामा एक पटक तथा आवश्यकता अनुसार वस्न सक्नेछ सो वैठकमा निरिक्षण गरिएको घाट गद्दीको प्रतिवेदन उपर समिक्षा गरिनेछ ।

३. अनुगमन समितिलाई आवश्यक सहयोग गर्न जिल्ला समन्वय समितिको प्रमुखले तोकेको अधिकृतको संयोजकत्वमा सम्बन्धीत कार्यालयको प्रतिनिधी रहने गरी उप-समिति गठन गर्ने सक्ने छ ।अनुगमन समितिको संयोजक निर्देशनमा गैर कानुनी रुपमा संचालित नदी जन्य पदार्थको विक्री वितरण र क्रसर संचालनको अनुसुची १ र २ बमोजिम निरिक्षण गरी प्रतिवेदन संयोजक मार्फत अनुसुची ३ बमोजिम जिल्ला अनुगमन समितिमा पेश गर्नु पर्नेछ ।

४. जिल्ला अनुगमन समितिले ढुंगा, गिट्टी, वालुवा व्यवस्थापन सम्बन्धमा देहायका विषयमा जुनसुकै वेला अनुगमन गरी सम्बन्धित उत्खनन वा संकलनकर्तालाई आवश्यक निर्देशन दिन वा सो

नवराज बराल
जिल्ला समन्वय अधिकारी

सम्बन्धमा सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई देहाय बमोजिम कारबाहीको लागि लेखि पठाउन सक्नेछ । लेखी पठाएका विषयहरु पालना गर्नु सम्बन्धीत निकायको कर्तव्य हुनेछ ।

क. वातावरणीय अध्ययन प्रतिवेदनका शर्तको पालना

ख. उत्खनन र संकलनको लागि स्वीकृत विधि, प्रक्रिया र परिमाण सम्बन्धी व्यवस्थाको पालना,

ग. राजश्व चुहावट तथा चोरी निकासी,

घ. ढुवानी गर्ने सवारी साधनले पालना गर्नुपर्ने गति सिमा, प्रदुषण नियन्त्रण, सडक सुरक्षा सम्बन्धी व्यवस्थाको पालना,

ङ. नदीजन्य तथा खानीजन्य पदार्थको बजार मुल्य नियन्त्रण,

च. ठेक्का सम्झौताको परिपालना,

छ. संचालित क्रसर उद्योगहरुले तोकिएको मापदण्ड पुरा गरे नगरेको

ज. नेपाल सरकाले समय समयमा तोकेका अन्य विषयहरु प्रचलित कानुनमा तोकिएका विषयहरु तथा समितिले आवश्यक देखेका अन्य विषयहरु

(५) अनुगमन समितिले अनुगमनका क्रममा देखेका विषयहरुमा आवश्यक सुधारका लागि दिएको निर्देशन पालना नगर्ने उत्खनन संकलन वा ढुवानी कार्यमा रोक लगाउन सकिनेछ ।

(६) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन संकलन वा ढुवानीकर्तालाई समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ ।

(७) उपदफा (५) बमोजिम रोक लगाईएकोमा सम्बन्धित उत्खनन, संकलन वा ढुवानीकर्ताले अनुगमन समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ ।

(८) सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ढुंगा, गिट्टी, वालुवाको उत्खनन कार्य यस मापदण्ड र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न सक्नेछ । नियमित अनुगमन गरे नगरेको विषयमा समेत जिल्ला अनुगमन समितिले अनुगमन गर्न सक्नेछ ।

(९) अनुगमन समितिले माग गरे बमोजिमको सूचना, तथ्याङ्क तथा अन्य प्राविधिक सहयोग गाउँपालिका वा नगरपालिकाले उपलब्ध गराउनुं पर्नेछ ।

(१०) अनुगमनका क्रममा ठेक्काका शर्त उल्लङ्घन गरेको वा राजश्व छली गरी उत्खनन तथा ओसारपसार गरेको पाईएमा त्यस्तो संकलनकर्ता, उत्खननकर्ता र ढुवानीकर्तालाई अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्न निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गर्न सक्नेछ ।

११) उपदफा (९) बमोजिम जफत गरिएको मालवस्तु सम्बन्धीत गाउँपालिक वा नगरपालिकाले प्रचलित कानुन बमोजिम लिलाम विक्री गरी स्थानीय सन्चित कोषमा आम्दानी जनाउनु पर्नेछ ।

१२) नदीजन्य पदार्थ उत्खनन विक्री वितरण सम्बन्धी कार्य प्रदेश कानुन बमोजिम हुनेछ सो नभएमा उत्खनन कार्य आश्विन देखि जेष्ठ मसान्त सम्म गर्न सकिनेछ ।

नवराज बराल
जिल्ला समन्वय अधिकारी

१३) अनुगमन समितिले प्रत्येक वर्षको भाद्र मसान्तिपछि नदीको स्थलगत अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थको अवस्था अनुसार वातावरणीय अध्ययन प्रतिवेदन संशोधन वा परिमार्जन गर्नुपर्ने भए सोही बमोजिम गर्न सम्बन्धीत गाउँपालिका वा नगरपालिकालाई लेखी पठाउन सक्नेछ ।

१४) अनुगमन समितिले सम्बन्धीत ठेकेदार, उत्खननकर्ता, खानी र क्रसर उद्योगलाई समितिको बैठकमा उत्खनन तथा विक्रिको वार्षिक कार्ययोजना प्रस्तुत गर्न लगाउन सक्नेछ ।

१५) प्रदेश तथा स्थानीय तहले समेत यस दफा बमोजिमको व्यवस्थामा प्रतिकुल असर नपर्ने गरी आ-आफ्नो क्षेत्र भित्र हुने ढुंगा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको उत्खनन, संकलन र विक्री कार्यको अनुगमनका लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१६) जिल्ला अनुगमन समितिलाई अनुगमन कार्यका लागि आवश्यक पर्ने प्रशासनिक खर्च सम्वन्धित गाउँपालिका वा नगरपालिकाले नियमानुसार उपलब्ध गराउनु पर्नेछ ।

<u>६. नदीजन्य र खानीजन्य पदार्थको बजार मुल्य नियमन सम्बन्धी व्यवस्था :</u> १) अनुगमन समितिले ढुंगा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य र खानीजन्य पदार्थको उत्खनन, लागत, गाउँपालिका वा नगरपालिकालाई तिरेको विक्रि वा शुल्क वापतको रकम वजारको दुरी र निश्चित मुनाफा समेतका आधारमा बजार मुल्य निर्धारण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम वजार मुल्ल निर्धारण गरिएकोमा निर्धारित वजार मुल्यभन्दा बढी मूल्य लिएको पाईएमा त्यस्तो विक्रेतालाई अनुगमन समितिको निर्णय बमोजिम विक्री वितरण कार्यमा रोक लगाउन सकिनेछ ।

<u>७. क्रसर उद्योग संचालनका लागि दुरी सम्बन्धी मापदण्ड:</u> १) क्रसर उद्योग संचालन गर्दा देहाय बमोजिमको दुरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ ।

| क्र स | विवरण | कायम दुरीको मापदण्ड |
|---|---|---|
| १. | राजमार्गको राईट अफ वे बाट | ५०० मिटर |
| २ | खोला वा नदी किनारबाट | ५०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक, सास्कृतिक पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | २ किलोमिटर |
| ४ | पक्की पुलबाट | ५०० मिटर |
| ५ | वन, निकुञ्ज तथा आरक्षबाट | २ किलोमिटर |
| ६ | संरक्षित क्षेत्र | २ किलोमिटर |
| ७ | हाइटेन्सन लाईनबाट | २०० मिटर |
| ८ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | ५०० मिटर |

नवराज बराल
जिल्ला समन्वय अधिकारी

२) नयाँ स्थापना हुने क्रसर उद्योगहरुले अध्ययन प्रतिवेदनमा संकलन उत्खनन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधी र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखाङ्कन सहितको नाप नक्शा अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ ।

३) उपदफा (२) बमोजिमको प्रकृया पुरा गरी नयाँ क्रसर उद्योग संचालनको लागि वन तथा वातावरण मन्त्रालय वा सो मातहतका निकायहरुको सहमती लिई दर्ताका लागि निवेदन दिने व्यक्ति वा फर्मले उपदफा (१) बमोजिमको मापदण्ड समेत पालना गरेको अवस्थामा औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुनले गरेको वर्गीकरण बमोजिम अधिकार प्राप्त निकायले क्रसर उद्योग संचालनको अनुमती प्रदान गर्नेछ ।

४) क्रसर उद्योग लगायतका वालुवा पाँगो र धुने र प्रशोधन गर्ने मेशिन(फिरफिरे) तथा ढुंगा प्रशोधनको व्यवस्था र वायु प्रदुषण नियन्त्रणको लागि समेत आवश्यक व्यवस्था गर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

५) अनुगमन समितिले अन्य विषयका अतिरिक्त उपदफा (४) बमोजिमका शर्तहरुको पालना भए नभएको नियमित अनुगमन गर्ने र शर्त पालना नगर्ने उद्योगहरुलाई समितिको निर्णय बमोजिम शर्त पुरा नभएसम्म उद्योग संचालनमा रोक लगाउन सक्नेछ ।

(६) प्रचलित कानुन बमोजिम स्थापना भई संचालनमा रहेका खानी, क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संकलन तथा उत्खनन गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिनाभित्र अनुगमन समिति र सम्वन्धीत गाउँपालिका वा नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(७) यस मापदण्ठ बमोजिम स्थापना तथा संचालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षको लागि असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद विक्रिको परिमाण सार्वजनिक गरी सोको जानकारी सम्वन्धित गाउँपालिका वा नगरपालिका र अनुगमन समितिलाई दिनुपर्नेछ ।

८) उपदफा (६) र (७) बमोजिमको व्यवस्था पालना नगर्ने उद्योगलाई अनुगमन समितिको सिफारिसमा सम्वन्धित गाउँपालिका वा नगरपालिकाले बन्द गर्न सक्नेछ ।

९) उपदफा (१) को दुरी सम्बन्धी मापदण्ड पुरा नहुने गरी संचालनमा रहेका क्रसर उद्योगलाई सम्बन्धीत गाउँपालिका वा नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्नेछ । र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्वन्धीत गाउँपालिका वा नगरपालिकाले दर्ता खारेजीको लागि सम्वन्धीत निकाय समक्ष सिफारिस गर्नेछ ।

१०) नयाँ दर्ता हुने वालुवा प्रशोधन उद्योगका हकमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा उत्पादनमुलक उद्योगको रुपमा सम्वन्धीत गाउँपालका वा नगरपालिकाले दर्ता गर्ने व्यवस्था मिलाउनेछ ।

नवराज बराल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
२०७३

११) क्रसर उद्योगले आफूलाई चाहिने कच्चा पदार्थ सिधै नदी वा वन क्षेत्रबाट उत्खनन वा संकलन गरी प्रशोधन गर्न पाउने छैन ।

१२) उपदफा (६) बमोजिम क्रसर उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ति गर्दा लाग्ने बिक्री मुल्य वा शुल्क गाउँपालिका वा नगरपालिकालाई बुझाएपछि मात्र त्यस्तो कच्चा पदार्थ आपूर्ती गर्न पाइनेछ ।

१३) क्रसर उद्योगलाई गाउँपालिका वा नगरपालिकाले सभाद्धारा निर्धारित दरमा उत्पादित परिमाणको आधारमा व्यवसाय कर लगाउन सक्नेछ ।

**८. विविधः १)** यो कार्यविधी लागु स्वीकृत भए पश्चात ३५ पैंतिस दिनभित्र नदी जन्य पदार्थ बिक्री वितरणका ठेक्का पट्टा विवरण र क्रसर संचालन गर्न व्यवसायीले इजाजत सहितका कागजात र प्रशोधित मालको चालु आ.ब. भित्र बिक्रि वितरण गरेको परिमाणको विवरण स्थानिय तहले जिल्ला समन्वय समितिमा पठाउनु पर्नेछ ।

२) अनुगमनका क्रममा आउने टोलीलाई कार्यालय तथा व्यवसायीले आवश्यक सहयोग गर्नुपर्नेछ ।

३) यस कार्यविधीमा उल्लेख भएको कार्य जिम्मेवारी कुनै सदस्य वा कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

४) यस कार्यविधीमा आवश्यक कुराहरु संशोधन तथा थपघट गर्न परेमा जिल्ला सभा वा जिल्ला सभाको प्रत्यायोजन बमोजिम जिल्ला समन्वय समिति थपघट गर्न सक्ने छ ।

५) यस कार्यविधी लागु हुनुभन्दा अघि भए गरेका काम यसै बमोजिम भए गरेको मानिनेछ ।

६) यस कार्यविधीमा उल्लेख भएका विषय यसै कार्यविधी बमोजिम र उल्लेख नभएका काम कारबाहीहरु प्रचलित कानुन बमोजिम गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन, कार्यान्वयनमा बाधा परेमा जिल्ला समन्वय समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

७) यस कार्यविधीमा उल्लेखित कुराहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदें सम्म स्वत अमान्य हुनेछ ।

अनुसुची-१

नदीजन्य पदार्थको निरिक्षण चेक लिष्ट

| | | | |
|---|---|---|---|
| १ | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार उत्खनन, बिक्री वितरण गरेको | छ | छैन |
| २ | नदीजन्य पदार्थ उत्खननमा जे.सि.भी. हेभी इक्वीपमेन्ट प्रयोग गरेको । | | |
| ३ | नदीजन्य पदार्थ उत्खनन बिक्री वितरणको | | |

ध्रुवप्रसाद बराल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कास्की
२०७३

| | | | |
|---|---|---|---|
| | स्थल अवस्था उपयुक्त | | |
| ४ | नदीजन्य पदार्थ ढुवानी गर्दा वातावरणीय प्रतिवेदनको पालना भएको | | |
| ५ | उत्खनन क्षेत्रमा रेखाङ्कन गरेको | | |
| ६ | तोकिएको परिमाण अनुसार उत्खनन भएको छ छैन भनी अनुगमन गरिएको | | |
| ७ | नदीजन्य पदार्थ संकलन विक्री, उत्खनन विक्री वितरणमा प्रचलित कानुन पालना गरिएको | | |
| ८ | नदीजन्य पदार्थ उत्खनन विक्री वितरण कुन प्रक्रियाबाट भएको छ ठेक्का अमानत अन्य | | |
| ९ | विक्री वितरण गर्दा रोयल्टीको रसिद दिने गरेको | | |
| १० | इजाजत प्राप्त आधिकारीक व्यक्ति कम्पनीको विवरण स्थलमा राखिएको | | |
| ११ | अन्य र खुलाउनु पर्ने केही भए उल्लेख गर्ने | | |

अनुगमन गरिएको संस्थाको नाम

छाप

कार्यालय प्रमुखको नाम थर:

हस्ताक्षर :

मिति:

अनुगमन गर्ने पदाधिकारीको

१ नाम थर/पद :

हस्ताक्षर:

मिति :

२. नाम थर /पद

हस्ताक्षर

मिति

३. नाम थर /पद

हस्ताक्षर

मिति

## अनुसुची २

## निरिक्षण चेक लिष्ट

| | | छ | छैन |
|---|---|---|---|
| १ | क्रसर संचालनको इजाजत | | |
| २ | मापदण्ड अनुसार संचालन गरेको | | |
| ३ | नदीजन्य पदार्थ विक्री वितरण गर्दा भ्याट वील जारी गरेको | | |

नवराज बराल
... अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कास्की
२०७३

| | | | |
|---|---|---|---|
| ४ | इजाजत अनुमती लगायतका कागजात कार्यालयमा टाँस गरेको | | |
| ५ | क्रसर संचालन गर्दा निस्कने फोहोर व्यवस्थापन गरेको | | |
| ६ | नदीजन्य पदार्थको बिक्री दर रेट मुल्य सुची टाँस गरेको | | |
| ७ | क्रसर संचालन स्थल मापदण्ड अनुसार | | |
| ८ | कति किसिमको प्रशोधित माल निकाल्ने अनुमति लिएको छ सोही अनुसार संचालन गरेको छ सोही अनुसार संचालन गरेको छ वा अनुमती भन्दा वढी प्रशोधन गर्ने गरेको छ । | | |
| ९ | अप्रशोधित नदीजन्य पदार्थ नियमानुसार रोयल्टी रकम तिरेर ल्याएको छ । | | |
| १० | चोरी निकासी गरेको | | |
| ११ | अन्य भए खुलाउने | | |
| | | | |

अनुगमन गरिएको फर्मको
नाम:
ठेगाना:
छाप

अनुगमन गर्ने पदाधिकारीको कार्यालयको
१.नाम थर:
पद:
दस्तखत :

२.नामथर:
पद:
दस्तखत:

३. नाम:
पद:
दस्तखत:
४. नाम:
पद:
दस्तखत:

प्रोपाइटरको नाम थर
ठेगाना:
दस्तखत:

नवराज बराल
जिल्ला समन्वय अधिकारी

अनुसूची ३

अनुगमन प्रतिवेदनको ढाँचा

१. पृष्ठभुमी

२. अनुगमन गरिएको संस्था/कार्यालयको नाम ठेगाना

३. अनुगमनको व्यहोरा

४. अनुगमनबाट देखिएका विषय

५. सुधार गर्नुपर्ने विषय

६. केही आयोजना स्थल र अनुगमन गरिएका तस्विर

७. सुझाव

८. निष्कर्ष

अनुगमन /निरिक्षण गर्ने पदाधिकारीको
नामथरः
पदः
दस्तखत

नवराज बराल
जिल्ला समन्वय अधिकारी